# उपभोक्ता समिति गठन, योजना कार्यान्वयन र योजनाको भुक्तानीको सन्दर्भमा जारी भएको निर्देश

## उपभोक्ता समिति गठन प्रकिया

१. उपभोक्ता समिति गठनको लागि आम भेला हुने समय, मिति , स्थान र भेलाको विषय वारे भेला हुने मितिले कम्तीमा ३ अगावै सार्वजनिक रुपमा सम्बन्धित वडा कार्यालयबाट लाभान्वीत वर्गहरुको जानकारीको लागि सूचना प्रकाशन गर्नुपर्ने ।

२. योजनावाट प्रत्यक्ष लाभान्वीत हुने उपभोक्ताहरुको आम भेलावाट वडा स्तरको योजनाको हकमा वडा अध्यक्ष वा निजले तो सदस्य, कर्मचारीको अध्यक्षतामा वा गाउँस्तरीय योजनाको हकमा गाउंपालिकाले तोकेको पदाधिकारी, सदस्य, कर्मचा अध्यक्षतामा लाभान्वित वर्गहरुको अधिकतम सहभागितामा सम्बन्धित योजना स्थलमा नै ७ देखि ११ जनासम्मको उपभे समितिको गठन गर्नु पर्ने ।

३. लाभान्वित वर्गहरुको भेलामा संचालन हुने योजना वारे वडा कार्यालय वा गाउँपालिकाले खटाइएका पदाधिकारी, स कर्मचारीले जानकारी गराउनु पर्नेछ ।

४. उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ । समितिमा कम्तिमा ३३ प्रतिशत महिला स अनिवार्य हुनु पर्ने र समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ जना महिला पदाधिकारी हुनु पर्नेछ ।

५. एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिमा रहन पाउने छैन साथै एकाघर सगोलका परिवारवाट एक जना भन्दा व्यक्ति उपभोक्ता समितिको सदस्य हुन पाउने छैन ।

६. उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नु पर्नेछ । सर्वसम्मत हुन नसकेमा उपस्थित उपभोक्ताह बहुमतवाट उपभोक्ता समितिको गठन हुनेछ ।

७. उपभोक्ता समितिले संझौता बमोजिम गर्नु पर्ने काम समितिले आफै गर्नु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्य वा संस्थालाई ठेक्कामा दिई काम गराउन पाउने छैन ।

८. उपभोक्ता समितिको सदस्य हुने देहाय वमोजिम योग्यता हुनु पर्नेछ ।

(क) सम्वन्धित योजना संचालन हुने क्षेत्रको स्थायी वासिन्दा ।

(ख) १८ वर्ष पूरा भएको नेपाली नागरिक ।

(ग) फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिइएको ।

(घ) सरकारी बांकी वक्यौता वा पेश्की फछ्र्यौट गर्न वांकी नरहेको ।

(ङ) अन्य उपभोक्ता समितिको सदस्य नरहेको ।

९. उपभोक्ता समितिको पदाधिकारी सदस्यमा जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी, शिक्ष उपभोक्ता समितिमा रहन पाउने छैन ।

## उपभोक्ता समितिले सम्झौता गर्दा पेश गर्नु पर्ने कागजातहरु

१. उपभोक्ता समितिमा रहने पदाधिकारी सदस्यहरुको नागरिकताको फोटोकापी १/१ प्रति ।

२. लाभान्वित वर्गहरुको आम भेलावाट उपभोक्ता समिति गठन भएको निर्णय प्रतिलिपि ( वडावाट प्रमाणित भएको ) ।

३. लाभान्वित वर्गहरुको आमभेला भएको भनि कम्तिमा २ प्रति फोटो ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिश ।

५. योजना संचालन हुने स्थानको संचालन हुनु पूर्ववत् अवस्थाको विभिन्न प्रकृतिको कम्तिमा ३ प्रति फोटो ।

६. गाउंसभावाट विनियोजित बजेट रकम उल्लेखित योजनाको नामा सहितको प्रमाणित कागजात ।

७. स्वीकृत स्थानिय दररेट अनुसार प्राविधिकवाट तयार भएको लागत ईष्टिमेट ।

८. उपभोक्ता समिति गठन प्रयोजनको लागि कम्तिमा ३ दिन अगावै प्रकाशित गरिएको सूचना र सोको मुचुल्का ।

९. आबश्यक कागजातहरु उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षवाट प्रमाणित भएको ।

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत